श्री प्रेम ज्यू
सूचना पार्यौं र पेजहरू राख्नु।
२०७६।१।२३

मेचीकाली राष्ट्रिय दैनिकमा प्रकाशित

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५

# कृषि विकास निर्देशनालय

रुपन्देही, नेपाल

## मौरी विकास कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७६/१/१२*

यस कार्यालयको आ.ब.२०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकहरुलाई मौरी विकास माध्यमबाट स्वरोजगार प्रबर्द्धन तथा कृषकहरुको आर्थिक विकास गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक समूह/सहकारी/फार्म/कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनुहुन अनुरोध छ । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु सम्लग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । विस्तृत जानकारीको लागि doad.p5.gov.np मा उपलब्ध मौरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ हेर्नुहोला ।

**तपशिल**

१. अनुसूचि २ अनुसारको आवेदन फारम ।
२. अनुसूचि ३ अनुसारको संक्षिप्त कार्ययोजना ।
३. फर्म, कम्पनी, कृषक समूह वा कृषि सहकारीको दर्ता प्रमाणपत्रको छायाँप्रति (गत आ.ब. सम्म दर्ता भएको हुनुपर्ने र नियमानुसार नविकरण समेत भएको हुनुपर्ने ।)
४. फर्म कम्पनी वा कृषि सहकारीको गत आ.ब. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी। (नियमानुसार कर चुक्ताको लागि म्याद थप भएको सो को प्रतिलिपी, अडिट रिपोर्ट र कर दाखिला गरेको रसिद वा अन्य रसिद मान्य हुने छैन ।)
५. कार्यक्रम संचालनका लागि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारीको जिम्मेवार व्यक्ति तोकिएको निर्णयको छायाँप्रति र जिम्मेवार व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
६. बैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपी ।
७. अन्य प्रमाणित प्रमाणपत्रहरु (मौरी सम्बन्धि तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपीहरु ।
८. अनुसूची-४ बमोजिमको स्थानीय तहको सिफारिस पत्र ।
९. अनुसूची-५ बमोजिमको ज्ञान केन्द्रले प्राविधिक रुपले उपयुक्त रहेको सिफारिस पत्र ।
१०. प्रस्तावक तर्फको लगानी सुनिश्चिताका लागि स्वलगानीमा गर्ने भए बैंक स्टेटमेन्ट वा बैंक ग्यारेण्टी ।

थप जानकारीका लागि


कृषि विकास निर्देशनालय, रुपन्देही
Email:doad.p5@gmail.com, website:doad.p5.gov.np
फोन नं. ०७१-४२०५४३, ०७१-४२००४०